# प्रेस विज्ञप्ती

चैत्र १३, २०७७

## सिद्धार्थ बैंकको eCom कार्ड प्रयोग गरी विदेशमा भुक्तानी गर्न पाइने

सिद्धार्थ बैंक लिमिटेडले २०७७ चैत्र १३ गते देखि विदेशी मुद्राको भुक्तानी गर्न अझै सहज, आधुनिक र विश्वस्तरिय बनाउने उद्देश्यले सिद्धार्थ eCom कार्डको सुरुवात गरेको छ । यस सुविधा सञ्चालन पश्चात् सिद्धार्थ बैंकका ग्राहकहरुले नेपाली रुपैयाँलाई अमेरिकी डलर ५०० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राको सटही गरेर सिद्धार्थ बैंकको eCom कार्ड प्रयोग गरी नेपालबाटै विदेशमा भुक्तानी गर्न सक्नुहुनेछ ।

कार्ड जारी गर्दा प्रयोगकर्ताको ग्राहक पहिचान (KYC) विवरण अद्यावधिक भएको तथा सम्बन्धित प्रयोगकर्ताले स्थायी लेखा नम्बर (PAN) लिएको हुनुपर्नेछ र प्रयोगकर्ताले एकै पटक वा पटक-पटक गरी एक वर्षमा बढीमा अमेरिकी डलर ५०० वा सो बराबरको परिवर्त्य मुद्रा जम्मा गर्न सक्नुहुनेछ ।

बैंकले ल्याएको यस सुविधाले ग्राहक महानुभावहरुलाई सहज सेवा उपलब्ध हुने, अन्तर्राष्ट्रिय किनमेल सेवा अझ बढि सुविधाजनक बनाउने र बैंकिङ्ग प्रणाली अझ बढि प्रभावकारी र ग्राहकमैत्री बनाउने छ ।